# वीरेन्द्रनगर नगरपालिकाद्वारा आ.व.०७०।७१ मा भए गरेका गतिविधिहरुको प्रगती समिक्षा कार्यक्रम संचालन प्रतिवेदन

## १. पृष्ठभूमी :

स्थानिय स्वायत्त शासन नियमावली २०५६, स्थानिय निकाय श्रोत परिचालन कार्यविधि २०७० र MCPM कार्यविधि २०७० मा भएको व्यवस्था वमोजिम स्थानिय निकायले वार्षिक रुपमा गरेका गतिविधिहरुको सरोकालाहरुका विच वार्षिक समिक्षा गर्ने क्रममा प्रगती समिक्षा कार्यक्रम संचालन गरि यो प्रतिवेदन तयार गरिएको छ ।

## २. कार्यक्रम संचालनको उद्धेश्य

न.पा.द्धारा गत आ.व.०७०।०७१ मा भए गरेका सार्वजनिक निर्माण, सामाजिक एवं विभिन्न गतिविधिका वारेमा सरोकारवालाका विचमा प्रस्तुत गरि सरोकारवालाको प्रतिक्रिया एवं सुझाव संकलन गर्ने ।

## ३. कार्यक्रम संचालन मिति,स्थान र समय :

- मिति २०७१ भाद्र १८ गते स्थान : न.पा. हल समय : ११:३० वजे

**४. सहभागीको किसिम:** समीक्षा कार्यक्रममा सरकारी कार्यालय, राजनैतिक दल, वीरेन्द्रनगर नगरपालिकाका वडा नागरिक मञ्च, नागरिक सचेतनाका सदस्यहरु, टोल विकास संस्थाका पदाधिकारी, संचारकर्मी आदीको सहभागिता रहेको थियो । यस कार्यक्रममा लिंग र जातीगत उपस्थिति यस प्रकार रहेको थियो ।

| लिंग | | | जातजाति | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य |
| ३२ | ४८ | ८० | १३ | १० | ५७(अपांग ४) |

५. प्रगति समिक्षा कार्यक्रममा शहरी योजना शाखा प्रमुख व.ई. श्री जनक बहादुर शाही, प्रशासन तथा अनुगमन अधिकृत श्री प्रकाश पौडेल र आर्थिक प्रशासन शाखा प्रमुख श्री रामदत्त सापकोटाले आ-आफ्नो शाखागत प्रतिवेदन पेश गर्नुका साथै कार्यकारी अधिकृत श्री होतराज लम्सालबाट समग्र प्रतिवेदन पेश भएको थियो ।

## ६. निचोड एवं निर्णयहरु

समिक्षा कार्यक्रममा सहभागीहरुले दिएका विभिन्न प्रतिक्रिया एवं सुझावहरुलाई न.पा. कार्यालय र उपस्थित विषयगत कार्यालयले सकारात्मक रुपमा लिंदै उठेको जिज्ञाशा नगरपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख अधिकृत श्री रामदत्त सापकोटा, प्रशासन तथा अनुगमन अधिकृत प्रकाश पौडल , वरिष्ठ इन्जिनियर जनकवहादुर शाही ले शाखागत रुपमा र कार्यकारी अधिकृत श्री होतराज लम्सालले समग्र संस्थागतरुपमा प्रकाश पार्दै कार्यकारी अधिकृत सहितको समग्र नगरपालिकाका जिम्मेवार शाखा उपशाखा प्रमुखहरु र नगरपालिकाको योजना तर्जुमा प्रकृयामा प्रत्यक्ष अप्रत्यक्ष सहभागी हुने सम्पूर्ण पक्षले निम्न सुझावलाई ग्रहण गर्दै चालू वर्षको कार्यक्रम कार्यान्वयन एवं आगामी आ.व.को योजना तर्जुमामा सहभागीहरुले दिएका सुझावहरुलाई कायान्वयनगर्ने प्रतिवद्धता एवं निर्णय गरिएको छ।

१. अधिकांश आयोजनाहरु टुक्रे प्रकृतिको देखिएकाले समग्र नगर विकासमा दिगो रुपमा टेवा पुग्ने प्रकृतिका आयोजनाहरु छनौटमा जोड दिनु पर्ने ।
२. आयोजनाको छनौटका क्रममा समग्र नगरपालिकाको दिर्घकालिन सोच शैक्षिक प्रशासनिक र पर्यटकिय शहरका रुपमा विकास गर्न आयोजनाहरुको निर्माणमा जोड दिंदै पर्यटन प्रर्वद्धनमा विशेष जोड दिनु पर्ने ।
३. विस्तारित नगरक्षेत्रको समग्र विकासकालागि एकिकृत गुरुयोजना निर्माणमा विशेष जोड दिनु पर्ने।
४. नगरपालिकाको क्षेत्र विस्तार संगै देखा पर्ने चुनौतीलाई सामना गर्न सक्ने कर्मचारी संगठनको प्रवन्ध गर्नु पर्ने ।
५. आयोजनाको गुणस्तरमा विशेष जोड दिन प्राविधिक निगरानी वढाउनु पर्ने ।
६. लागत सहभागिताको रकम कागजमा मात्र सिमित नराखी वास्तविक रुपमा लागत सहभागिता वा जनसहभागिता अनिवार्य गर्ने वातावरण श्रृजना गर्ने ।
७. सडक वत्तिको गुणस्तरमा विशेष ध्यान दिने ।
८. वीरेन्द्रनगरमा हालै आएको वाढीले प्रभाव पारेका क्षेत्रको विकास एवं पुर्नस्थपनाका लागि तत्कालिन, अल्पकालिन र दिर्घकालिन योजना निर्माण गरि अगाडी वढ्नु पर्ने ।
९. लक्षित समूह विकास कार्यक्रमहरुलाई सभा गोष्ठिमा मात्र सिमित नराखी विपन्न वर्गको आय आर्जन एवं गरिवि न्यूनिकरणका लागि पूर्वाधार निर्माणमा जोड दिनु पर्ने ।
१०. नगर परिषदवाट व्यवस्थीत शहर निर्माणका लागि स्वीकृत नीतिहरुलाई कार्यान्वयनमा अझ वढी जोड दिनु पर्ने ।
११. छाडा पशु नियन्त्रणकालागि गौशाला निर्माण एवं संचालनमा नगरपालिकाले सरोकारवालाहरु संग समन्वय गर्नु पर्ने ।
१२. नगर नियमनका क्रममा सूचना प्रवाहलाई विशेष जोड दिनु पर्ने ।
१३. न.पा.का ठूला योजना वस पार्क निर्माण, ल्याण्डफिल निर्माणलाई यथाशिघ्र सम्पन्न गर्न आवस्यक पहल गर्ने।
१४. सार्वजनिक निर्माणमा जनउत्तरदायी वनाउन आवस्यक जनचेतना जगाउने ।

**प्रतिवेदन तयार कर्ता** **स्वीकृत कर्ता**

प्रकाश पौडेल होतराज लम्साल
प्रशासन तथा अनुगमन अधिकृत कार्यकारी अधिकृत

मिति :२०७१।०५।२०